स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी जेठ २५ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको घनश्याम लामिछाने निर्देशित फिल्म 'लण्डन टू पेरिस'को दोस्रो पोस्टर सार्वजनिक गरिएको छ । यसअघि सार्वजनिक पोस्टरमा अभिनेत्री साम्राज्ञी आरएल शाह र नव-अभिनेता निश्चल खड्कालाई प्रस्तुत गरिएकोमा यसपटक उनीहरुसँगै अभिनेता कबीर खड्का र अभिनेत्री गरिमा शर्मालाई रोमान्टिक अवतारमा चित्रित गरिएको छ । टिकटकबाट उदाएकी गरिमाले एक सय बढी म्यूजिक भिडियोमा काम गरिसकेकी छन् ।

**आजको विचार...**



मेघनाथ दाहाल

सरकारको...

(दुई पेजमा)



राजु गिरीको निर्देशनमा तयार भएको फिल्म 'ईश्वर'को फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको छ । आगामी वर्ष २०८१ को मंसिर १४ गतेलाई प्रदर्शन मिति घोषणा गर्दै सार्वजनिक पोस्टरमा पात्रहरुको मनोदशा प्रस्तुत गरिएको छ । अभिनेता पृथ्वीराज प्रसाईं रिसाहा मुद्रामा चित्रित छन् भने अभिनेत्री अनु शाह घाइते अवस्थामा प्रस्तुत छिन् । फिल्मले अपराधको कथा बोल्ने पोस्टरले संकेत गर्छ । यो फिल्मबाट अनुले ५ वर्षपछि कमब्याक गरेकी छन् । पछिल्लो पटक उनी 'पसिना'मा देखिएकी थिइन् । यो फिल्ममा भोजराज देवकोटाको पटकथा तथा संवाद लेखन छ ।

❒ वर्ष २९ ❒ अंक २४० ❒ २०८० चैत १७ गते शनिबार 30 March 2024, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ट्याक्सी दुर्घटनामा दशको मृत्यु

(रासस/एएनआई) —

**रमबन (भारत),** चैत १६/भारतको जम्मु र श्रीनगर राष्ट्रिय राजमार्गमा पर्ने गहिरो खोलामा शुक्रबार यात्रुबाहक ट्याक्सी खस्दा दश जनाको मृत्यु भएको छ । संघीय मन्त्री जितेन्द्र सिंहले सडक दुर्घटनाको सूचना पछि रामबनका उपआयुक्त बसीर-उल-हकसँग कुरा गरेको र आफू निरन्तर सम्पर्कमा रहेको बताएका छन् । उनले रामबन क्षेत्रमा भएको दुर्घटनाबाट आफू दु:खित भएको बताउँदै शोकाकुल परिवारप्रति हार्दिक समवेदना व्यक्त गरे । प्रहरी, राज्य विपद् प्रतिक्रिया बल र नागरिक द्रुत प्रतिक्रिया टोलीले संयुक्त उद्धार गरेका थिए ।

### आज विश्व नेवा: दिवस मनाइँदै

**पाल्पा,** चैत १६/आज विश्व नेवा: दिवस मनाइँदैछ । नेवारी साहित्य, कला र संस्कृतिको सम्मान र यसको महत्वलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउने उद्देश्यले हरेक मार्च महिनाको अन्तिम शनिबारलाई 'विश्व नेवा: दिवस'का रुपमा मनाउने गरिन्छ । सांस्कृतिक रुपले निक्कै सम्पन्न मानिने नेवार समुदायको आफ्नौ भाषा र लिपी रहेको छ । विश्वका विभिन्न देशहरुमा जस्तै नेपालमा पनि आज नेवा:सँग सम्बन्धित संघसंगठनहरुले यो दिवस मनाउने गर्छन् ।

**ख्याहा किशोरी हत्या प्रकरण**

# सामान्य विवादपछि हत्या, छिमेकी किशोर पक्राउ

## रिस थाम्न नसकेर हँसिया प्रहारबाट हत्या गरेको स्वीकार

**रामचन्द्र रायमाझी—**

**पाल्पा,** चैत १६/पाल्पाको रिब्दीकोट गाउँपालिका-१ ख्याहाकी १९ वर्षीया पदमा सुनारको हत्या प्रकरणमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय पाल्पाले हत्या गर्ने ख्याहास्थित लप्सीखोलाका १९ वर्षीय किशोर (सागर) देवलाल सार्कीलाई पक्राउ गरेको हो ।

पदमाका छिमेकी समेत रहेका उनलाई शुक्रबार प्रहरीले सार्वजनिक गरेको छ । प्रहरी स्रोतका अनुसार ती किशोरले प्रहरीसमक्ष किशोरीले लुगा धोएर फर्कदै गर्दा सामान्य विवादभएपछि रिस थाम्न नसकेर धारिलो हसियाले हत्या गरेको स्विकारेका छन् । प्रहरीले यसबारे पत्रकार सम्मेलन गरेर पुष्टि गरेको छ । स्थानीय शारदा माध्यमिक विद्यालयमा कक्षा १२ मा अध्ययनरत पदमा मंगलबार बिहान कपडा धुन भन्दै लप्सीखोलास्थित धारामा एक्लै गएकी थिइन् । आफ्नै घरको गोठमा काम




गर्दै गरेका देवलाल पनि सोही धारामा पुगेका थिए । पदमाले धारामा धोइसकेका लुगा डोकोमा हाल्दै गर्दा मृतकसँग सामान्य विवाद भएको थियो । विवादपछि पदमाले लुगा लिएर घर जाँदै गर्दा देवलालले धाराबाट २०० मिटर पश्चिम खुलखुले गैरामा पुगेर अकस्मात पछ्याडीबाट साथमा रहेको धारिलो हसिया प्रहार गरेको अनुसन्धानबाट खुलेको छ । किशोरले सामन्य विवादमा रिसको आवेगमा आई निर्ममता पूर्वक पटक-पटक गरी हसिया प्रहार गरी मारेको अनुसन्धानबाट खुल्न आएको पत्रकार सम्मेलनमार्फत जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक नरेन्द्र चन्दले बताए । उनले भने 'किशोरले ति किशोरीलाई पहिलो पटक बाँया पाखुरा, टाउको र पछ्याडी खप्परमा हसिया प्रहार गरेका छन्, त्यसपछि मृतक बाटोबाट अन्दाजी २० मिटर तल खरबारीमा घस्रिदै गई घोप्टो अवस्थामा पुगेकोमा ति किशोरले त्यही पुगी पुन: मृतकको टाउकोमा २३ पटक हसिया प्रहार गरेको देखिन्छ ।' उनले मृतकको मोबाइल समेत लगेको बताइएको छ । के कारण विवाद भएको भन्नेबारे खुलिसकेको छैन । शंकाको आधारमा घटना घटेकै दिनदेखि प्रहरीले देवलाललाई निगरानीमा राखेको थियो । बुधबार गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका सुरक्षा गार्ड, केनाईन शाखा भैरहवाबाट तालिम प्राप्त कुकुर समेत मगाई अनुसन्धान गरी थप प्रमाण सहित देवलालाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक सुगन्ध श्रेष्ठले प्रेस विज्ञप्तिमार्फत जानकारी गराए ।

देवलालको कोठाबाट उनले हत्या गर्दा प्रयोग गरेका लुगा, हसिया र मृतकको मोबाईल समेत बरामद गरिएको डिएसपी श्रेष्ठले जानकारी दिए । मंगलबार बिहान नुहाउन गएकी ति किशोरी अबेरसम्म पनि घर नफर्किएपछि परिवारले खोजी गरेका थिए । खोजी गर्ने क्रममा घरभन्दा केही टाढा रहेको खरबारीमा उनको शव क्षतविक्षत अवस्थामा फेला परेको थियो । घटनाको अनुसन्धानपछि मृतक किशोरीको शव परीक्षणका लागि प्रादेशिक अस्पताल बुटवल पठाइएको प्रहरीले जनाएको छ । घटनाको सम्बन्धमा शंकास्पद दुई जना व्यक्तिलाई नियन्त्रणमा लिएर सोधपुछ तथा अनुसन्धान गर्दा देवलालले प्रहरी समक्ष हत्या स्वीकार गरेका हुन् । शुक्रबार उनलाई मुद्दा दर्ता गरेर म्याद थपका लागि अदालत पठाइएको छ ।


## बालमैत्री वातावरण बनाऔं

*बालबालिकालाई:*

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔ,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावक वाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलव्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं,

नेपाल सरकार

**विज्ञापन बोर्ड**


# उखु किसानलाई प्रविधिले दियो खुसी

**गल्याङ (स्याङ्जा),** चैत १६/ परम्परागत रूपमा उखु खेती गर्दै आएका स्याङ्जाको कालीगण्डकी गाउँपालिका-५ लुङ्सिङका किसान प्रविधिको प्रयोग गर्न पाउँदा उत्साहित भएका छन् । गोरु नारेर उखु पेल्दै आएका यहाँका किसानलाई गाउँपालिकाले अनुदानमा उखु पेल्ने मेसिन दिएपछि किसानले सहज महशुस गरेका छन् ।

परम्परागत शैलीमा उखुखेती गर्दा, पेल्दा अत्यन्त झन्झटिलो, श्रम र समयको खर्च बढी भएपछि यहाँका किसान उखुखेतीबाट बिमुख हुँदै गएको अवस्थामा गाउँपालिकाले उखु पेल्ने आधुनिक उपकरण, खेती सम्बन्धी तालिम दिएपछि पुरानै पेसामा फर्कनेको संख्या बढ्दै गएको छ । लुङ्सिङका १५ घरपरिवार उखुखेतीमा आवद्ध छन् । यहाँका किसानले करिब एक सय वर्षदेखि उखुखती



गर्दै आएका छन् । खुदो बनाएर आम्दानी लिनु यहाँका किसानको मुख्य पेसा हो । स्थानीय भुवानन्द न्यौपानेले गोरु नारेर उखु पेल्दाश्रम र समयको खर्च हुने भएकाले उखु खेतीतर्फ जागर हराउँदै गएको स्मरण गरे । गाउँपालिकाले उखु पेल्ने मेसिन दिएपछि भने आफूहरूमा उत्साह थपिएको बताए । 'परम्परागत रूपमा उखु पेल्दा दिनैभरी लाग्थ्यो । मेसिनमा भने दिनभरको काम एकै घण्टामै हुने भएको छ', उनले भने, 'गाउँपालिकाले यहाँका किसानलाई उखुखेती सम्बन्धी तालिम समेत दिएको छ । यहाँका सबै किसानको मनस्थिति उखुखेती विस्तार गर्दै लैजाने छ ।' *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## अधिकारप्रति सचेत बनौं

हरेक नागरिकलाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने अधिकार विद्यमान कानुनले प्रत्याभूत गरिदिएको छ । तर उपभोक्ता आफै आफ्ना अधिकारबारे सचेत नहुँदा गुणस्तरहिन खाद्यवस्तु उपभोग गर्नु परेको छ । उपभोक्तालाई आफ्नो स्वविवेक प्रयोग गरी वस्तु तथा सेवाको छनोट गर्ने र खरिद गर्ने अधिकार हुन्छ । उपभोक्ताको अधिकार उपभोक्ताको स्वास्थ्यसँग जोडिएको विषय हो । वस्तु तथा सेवाको गुणस्तर र त्यसबाट सेवाग्राहीले पाउनुपर्ने सन्तुष्टि उपभोक्ताको अधिकारभित्रका विषय हुन् । तर अधिकांस उपभोक्ता यी विषयमा जानकार नै छैनन् । जसका कारण उनीहरु दिनहुँ ठगिएका मात्र छैनन्, अस्वस्थकर वस्तुहरु उपभोग गरिरहेका छन् । कुनै पनि उपभोक्तालाई जिउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पुऱ्याउने उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार छ ।

त्यस्तै अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनका लागि उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुण, परिमाण, शुद्धता, गुणस्तर आदिबारे सूचित हुने अधिकार रहेको छ । तर, यी अधिकारप्राप्तिका लागि सर्वसाधारणले न कानुनी लडाइँ लड्न सक्छन् न उनीहरुलाई यसबारे जानकारी नै छ । उनीहरुलाई अधिकारबारे थाहा नहुँदा मिति नाघेका र विषादी हालिएका उपभोग्य वस्तु बजारमा खुलेआम बिक्री भइरहेका छन् । यस्तो अवस्थामा सरकार जिम्मेवार बन्नुपर्छ । यसका लागि विभिन्न अनुगमनकारी र नियामक निकायहरूको व्यवस्था गरिए पनि तिनले समेत प्रभावकारी ढंगले काम गर्न सकेका छैनन् । यो अत्यन्त दुःखको कुरा हो । उपभोक्ता आफै पनि सचेत हुनुपर्छ । उपभोक्ता आफूले प्रयोग गर्ने वस्तु व्यक्तिको स्वास्थ्यसँग सम्बन्धित हुन्छ । त्यसैले उपभोक्ताले कुनै वस्तु वा सेवा उपभोग गर्नु पूर्व त्यसको गुणस्तर, प्रभाव वा असरका बारेमा सजगता अपनाउनुपर्छ । त्यस्ता वस्तु उपभोग गर्न योग्य छन्/छैनन्, उत्पादन र उपभोगको सीमा निर्धारित छ/छैन भन्नेमा उपभोक्ता सचेत हुनैपर्छ । सँगसँगै वस्तु उत्पादक, आयात–निर्यातकर्ता, सञ्चयकर्ता, बिक्रेता र सेवा प्रदायक संस्था पनि जिम्मेवार हुनुपर्छ ।

### Opinion @ Social Network

रिस उठेको समय केही बेर 'पर्खने' गर अनि गल्ति गरेको समय
अलि कति 'झुक्ने' गर सफलता तिम्रो हातमा हुनेछ ।
*(किसन पोखरेलको फेसबुक स्टाटस https://www.facebook.com/Kisan.Pokharel)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारको सुशासन, समृद्धि र स्थायित्व



**मेघनाथ दाहाल**

> *वर्तमान सरकारले आर्थिक क्षेत्रलाई चलायमान बनाउने हेतुले ल्याएको नीतिगत प्राथमिकता तथा साझा संकल्पमा पहिलोमा आर्थिक शिथिलता अन्त्य गर्ने, वित्तीय संस्थालाई विसंगतिमुक्त बनाउने, भौतिक पूर्वाधार विकास अन्तर निकाय समन्वय, काम- रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन आदि नीतिगत व्यवस्था गरिएका छन् । आर्थिक वर्षको आठ महिना बितिसक्न लाग्दा विकास खर्चको हालत टिठलाग्दो छ । एकातिर विकास खर्च गर्न नसक्ने अनि कसरी राजस्व परिचालन अनुमानित रूपमा हुनसक्छ । निर्माण व्यवसायीहरूको भइसकेको कामको अर्बौं भुक्तानी हुन नसकेको अवस्था छ भने ठेक्का पाएका धेरै काम समयमा हुन नकसेका छन् । तर वास्तविकता बाहिर देखिएको जस्तोभन्दा फरक छ भन्छन्, जान्नेहरू । विनियोजित विकास खर्चको अधिकांश हिस्सा आर्थिक वर्ष सकिनै लाग्दा जेठ २० गतेदेखि असार २५ गतेसम्म दैनिक अर्बौंको हिसाबमा हुने गरेको विगत साँची छ । नयाँ बनेको गठबन्धनले विकासको गति दिशा र अवस्थालाई वेग दिने कुराभन्दा भइरखेका आर्थिक तथा व्यावसायिक गतिविधिको सुचारु गर्ने प्रयास गरेमा उपलब्धि हुने थियो ।*

दलहरूबीचमा आपसी समन्वय नमिलेपछि नयाँ दलहरूबीच बनेको सत्ता समीकरणलाई बहुदलीय प्रणालीमा स्वाभाविक मानिन्छ । सत्ताको साँचो नयाँ समीकरणमा गइसकेपछि जनतामाझ केही नयाँ तर सकारात्मक डेलिभर गर्ने उद्देश्यका साथ साझा संकल्प आउनु आफैंमा स्वागत योग्य हो । माओवादीले कांग्रेससँगको समीकरणलाई थाती राखेर नयाँ समीकरणमा नयाँ सरकारको थालनी गरेको छ । सरकारले विभिन्न पक्ष समेटेर न्यूनतम साझा कार्यक्रमसहित चैत ६ गते घोषणापत्र जारी गरेको छ । मुख्य आर्थिक, सामाजिक, राजनीतिक एवं कूटनीतिक पक्षहरूमा विशेष रूपमा जोड दिइएको छ ।

पाँच दलहरूको संयुक्त घोषणासभामा मुख्य गरी आर्थिक शिथिलता अन्त्य गर्ने, वित्तीय संस्थालाई विसंगतिपूर्ण बनाउने, संघीयता कार्यान्वयन र सार्वजनिक संरचनात्मक सुधार, छरितो सेवा प्रवाहसँगै सुशापन, काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन, भौतिक पूर्वाधार र अन्तर निकाय समन्वय, शिक्षा स्वास्थ्य र सामाजिक सुरक्षा, ऊर्जा विकास सूचना र सञ्चारजस्ता मुख्य गरी आठवटा नीतिगत पक्षहरू समेटेर आठ पृष्ठ लामो दस्तावेज ल्याएको छ । दस्तावेज नयाँ सरकार सञ्चालनमा आवश्यक कोड अफ कण्डक्टका रूपमा आएको छ । यसैको आधारमा जनताले सूक्ष्म रूपमा निगरानी गरिरहेका हुन्छन् । यी मुख्य शीर्षकभित्रका अन्य नीतिगत व्यवस्था महत्वपूर्ण छन् । तर, यिनीहरूको सही रूप भने सरकारको कार्यान्वयन क्षमताले परीक्षण गर्ने हैसियत राख्दछ । नयाँ सरकार सञ्चालनको सुरुमै माओवादीका उपाध्यक्ष कमरेड कृष्णबहादुर महरालाई सुशासनको पहिलो झड्का लागेको छ । गृहमन्त्रीले गलत वा सही गर्नुभयो त्यो त समयले बताउँदै जाला तर प्रचण्डको साथ पाएर साहस गर्नुभएकै हो भन्न सकिन्छ । तीन दशकदेखि निरन्तर पीडित हुँदै आएको पक्ष भनेको नै मलुकभित्र विद्यमान सुशासनको तीव्र अभाव हो । यसले समाजको सबै तहतप्कामा सरकार र क्रियाकलापप्रति नराम्रो प्रभाव पार्दै गएको छ । यसको परिणाम सम्पूर्ण व्यवस्थाप्रति नकारात्मकता फैँलिदो छ । प्रजातान्त्रिक शासन प्रणालीभित्रको महत्वपूर्ण पक्ष सुशासन हो । मुलुकको समग्र अवस्था नाजुक वा शक्तिशाली जस्तोसुकै भए पनि सुशासनलाई आधारस्तम्भको रूपमा लिने गरिन्छ । बहुलवादमा आधारित लोकतन्त्र एक्काईसौं शताब्दीको शासन सञ्चालन सबैले स्वीकार गरेको प्रणाली हो । सुशासनभित्रका अनगिन्ती आयाम मध्ये केही निश्चित पक्षमा मात्र सरकारको ध्यान पुगे समाजमा सुनमा सुगन्ध हुने थियो । जनतामाझ विद्यामान शासन पद्धतिप्रतिको विश्वासको आधार बढाउने एक मुख्य पक्ष भनेको विनियोजित वार्षिक बजेटको साधारण तथा विकास खर्चको पारदर्शी प्रयोग हो । कर्मचारी, जनप्रतिनिधि, व्यवसायीबीचमा विद्यमान नाजायज एवं नाफामुखी सम्बन्धले विकाससम्बन्धी काममा रोकावट आउने, गुणस्तरको हकमा समस्या आउने, परियोजना समयमा नसकिने जस्ता कुराले कानुनी राज्यले स्थापित गरेको विधिको शासन व्यवस्थामाथि धज्जी उडाएको देखिन्छ । भ्रष्टाचारले सार्वजनिक तथा निजी सबै क्षेत्रमा नराम्रो प्रभाव पारेको छ भने आमसर्वसाधारण तथा भुइँमान्छेहरूको जीवन पद्धतिप्रति सरकारको भावना पनि नकारात्मक हुँदै गएको छ ।

संविधात : कानुनी राज्यको अवधारणा, विधिको शासनले प्रजातान्त्रिक पद्धतिलाई सुदृढ गर्दै संस्थागत पनि गर्ने क्षमता राख्दछ । यसका लागि व्यवस्थाभित्रका विभिन्न अवयव राजनीतिक दल, तिनको विकास क्रम र आन्तरिक रूपमा नेताले आफ्नो दलभित्र भोगेका प्रत्येक क्रियाकलापले विधिको शासन लागू गर्ने काममा प्रभाव पारेका हुन्छन् । विद्यमान कानुन, ऐन, नियम, नियमावली बन्ने क्रममा रहेका विधेयक, कानुनको सर्वथा पालनामा सर्वसाधारणदेखि नेतृत्वसम्मको व्यवहार कस्तो भन्नेले भूमिका खेलेको हुन्छ । नेपाली समाजमा ठूला किसिमका भ्रष्टचारका काण्डै काण्डहरूको खेतीपाती हुने तर कारबाही थोरै निश्चित व्यक्ति तथा समूहमा मात्रलाई हुन्छ भन्ने बारेमा आममानिसको बुझाई छ । वर्तमान सरकारले आर्थिक क्षेत्रलाई चलायमान बनाउने हेतुले ल्याएको नीतिगत प्राथमिकता तथा साझा संकल्पमा पहिलोमा आर्थिक शिथिलता अन्त्य गर्ने, वित्तीय संस्थालाई विसंगतिमुक्त बनाउने, भौतिक पूर्वाधार विकास अन्तर निकाय समन्वय, काम-रोजगारी-उद्यमशीलता र स्वदेशी उत्पादन आदि नीतिगत व्यवस्था गरिएका छन् । आर्थिक वर्षको आठ महिना बितिसक्न लाग्दा विकास खर्चको हालत टिठलाग्दो छ । एकातिर विकास खर्च गर्न नसक्ने अनि कसरी राजस्व परिचालन अनुमानित रूपमा हुनसक्छ । निर्माण व्यवसायीहरूको भइसकेको कामको अर्बौं भुक्तानी हुन नसकेको अवस्था छ भने ठेक्का पाएका धेरै काम समयमा हुन नकसेका छन् । तर वास्तविकता बाहिर देखिएको जस्तोभन्दा फरक छ भन्छन्, जान्नेहरू । विनियोजित विकास खर्चको अधिकांश हिस्सा आर्थिक वर्ष सकिनै लाग्दा जेठ २० गतेदेखि असार २५ गतेसम्म दैनिक अर्बौंको हिसाबमा हुनेगरेको विगत साँची छ । नयाँ बनेको गठबन्धनले विकासको गति दिशा र अवस्थालाई वेग दिने कुराभन्दा भइराखेका आर्थिक तथा व्यावसायिक गतिविधिको सुचारु गर्ने प्रयास गरेमा उपलब्धि हुने थियो । वित्तीय संस्थाहरूलाई विसंगतिपूर्ण बनाउने भन्ने प्रयास पनि प्रशंसायोग्य देखिन्छ । यस क्षेत्रमा मडारिएको सबैभन्दा ठूलो समस्या लगानी माग हुन नसकेर थुप्रिएको खर्बौंको तरलताको अवस्था हो । एकातिर केन्द्रीय बैंकमा तरलता थुप्रिँदै जाने र अर्कोतिर सहकारी एवं लघुवित्तमा भइरहेको विसंगतिका कारण समग्र वित्तीय संस्था नै वदनामीका शिकार भएका छन् । कुल ग्रर्हस्थ उत्पादनको झण्डै १५ प्रतिशत हिस्सा ३१ हजार सहकारीको अधिकारक्षेत्रभित्र परेको छ । जसमा सहकारीहरूमा राखिएको निक्षेप तथा कर्जा लगानीका लागि बजारमा भएको रकम परेको छ । यस आर्थिक वर्षभित्र मात्र सहकारीहरूबाट अपचलन भएको रकम २५ अर्बभन्दा माथि छ । नयाँ गठबन्धनको सरकारले ल्याएको साझा संकल्पमा सहकारीहरूको कर्जा असुली न्यायाधीकरण, कर्जा सुरक्षण कोषको सुरुवात, ठूला सहकारीहरूको राष्ट्र बैंकमार्फत नियमन गर्नेलगायत हाललाई सहकारीको दर्ता, कार्यक्षेत्रको विस्तार एवं लघुवित्तका ऋणीहरूको कर्जा पुनर्तालिकीकरण, पुन संरचनाको व्यवस्था गर्ने उल्लेख गरिएको छ ।

काम-रोजगारी-उद्यमशील र स्वदेशी उत्पादनको मीठो नारा पनि समेटिएको छ । आर्थिक तथा व्यावसायिक जगतलाई बाटोमा हिँडाउन गरिएका नीतिगत तथा संकल्पका प्रयास कर्णप्रिय सुनिन्छन् तर व्यवहारमा उतार्न फलामको चिउरा चपाउनु जत्तिकै छ । सहकारी तथा मिटरब्याज पीडितहरूले धर्ना तथा सम्झौता घरिघरि गरिरहने तर काम हुन नसकेर फेरि धर्ना गर्नुपर्ने बाध्यता कायमै छ । सहकारीहरूका पीडितले सबै दलका नेता तथा कार्यकर्ताको अप्रत्यक्ष आशिर्वादले सर्वसाधारणको डुबेको पैसा असुल हुन नसकेको हो । नयाँ गठबन्धनले कम्तीमा एकाध ठूला सहकारीहरूमा डुबेको रकम फिर्ता गर्नसके ठूलो उपलब्धि हुने थियो । लघुवित्तमा विद्यमान २० प्रतिशत कष्ट अफ फण्ड लिन मिल्ने अवधारणामा जबसम्म नीतिगत परिवर्तन गर्न सकिँदैन तबसम्म समाजको तल्लो तह र भुइँमान्छेका हकमा वित्तीय क्षेत्रले सहयोग गर्नसक्छ जस्तो देखिँदैन । सहकारीहरूमा औसतमा १६ प्रतिशत भन्दा माथि र लघुवित्तहरूमा २० प्रतिशतको ब्याजदरमा लिइएको कर्जाले सुरु गरिएको व्यवसायमा कम्तीमा ३० प्रतिशत भन्दा माथिको मुनाफाले मात्र व्यवसायहरूको निरन्तरता एवं स्थायित्व प्रदान गर्ने भएकाले सरकार सजग हुनुपर्छ । उपयुक्त व्यावसायिक वातावरणको निर्माण व्यवसायीहरूको मनोबल उकास्ने, कृषि क्षेत्रलाई माथि उकास्न आवश्यक सबै किसिमका काम गर्न सरकार तत्पर रहेको कुरा उल्लेख छ । अन्त्यमा, सरकार सञ्चालनको एक महिना नपुग्दै सरकार बाहिर भएका दलका नेता तथा कार्यकर्ताले स्वयं सरकारको आयुको कुरा गर्न थाल्नु दुर्भाग्यको कुरा हो । नयाँ सरकारले चालेका राम्रा कदममा सबैको सहयोग हुने नै छ । नयाँ तथा दूरगामी सकारात्मक असर हुने किसिमका काम गर्न सरकार सफल हुन सकोस् ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : विवादमा राम्रो सफलता मिल्नेछ । जटिल ठानिएको काम सम्पादन होला । | **तुला** : बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ। |
| **वृष** : रमाइलो यात्राको सम्भावना छ र त्यसबाट दीर्घकालिक फाइदा पुग्नेछ । | **वृश्चिक** : तनाव बढेको महशुस हुनेछ। यात्रामा सावधानी अपनाउनु पनि पर्नेछ। |
| **मिथुन** : कडा परिश्रम व्यर्थै खेर जान सक्छ । वैदेशिक कार्यमा अवरोध हुनेछ। | **धनु** : रोकिएको कामको गाँठो फुक्नेछ। नयाँ कार्यको योजना बन्नेछ । |
| **कर्कट** : तपाईंको सामान हराउन सक्छ। आफूलाई कमजोर भएको अनुभूति हुनेछ । | **मकर** : मठमन्दिरको भ्रमणले काम सम्पन्न गर्न थप ऊर्जा प्रदान गर्नेछ । |
| **सिंह** : यात्रा गर्ने अवसर प्राप्त हुनेछ । परिवारजनको साथले नयाँ आशा पलाउनेछ । | **कुम्भ** : मनोरञ्जनपूर्ण समय रहला । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **कन्या** : महत्त्वपूर्ण कार्यको थालनी हुनेछ। वैदेशिक क्षेत्रका कार्य अघि बढ्नेछ । | **मीन** : यात्रामा मालसामान हराउन सक्छ। कार्य सम्पादनमा समस्या आउला । |

# साहित्य दर्पण

कथा — यम रेग्मी

## चुरोट चोर

'ए, चोर... चोर ... चोर... हेर... हेर... हेर... उ चोरेर भाग्यो ? लौ न, ए केटा हो । कता मर्यौ र ? छैनौ कोही यताउति ? उसलाई छोपेर ल्याओ ए ।' उमेरले तीन बीस काटेकी आइमाईले भागिरहेको केटोलाई देखाउँदै कटुवालेको स्वरमा बोलिन् । साँझको ४:१५ बजेको हुँदो हो । बिदा पछि सारा विद्यालय नै बाटोभरि हिंडिरहेको थियो । 'के भयो आमा ? कसले के चोर्‍यो ?' फुटबल खेल्न हिंडेका चार जना केटा एक्कासि देखा परे । 'हेर... हेर ...उ तेरो बा भागिहेरेको छ' त्यहाँ भएका मध्ये सबै भन्दा ठूलो केटाको पाखुरीमा समाएर चोर औंलाले देखाई चोर केटोलाई बुढीले । चोर केटो हावाको गतिमा भागिरहेको थियो । ती केटाहरू दौड प्रतियोगिताका भाग लिएझैँ तँछाडमछाड गर्दै छोप्न बिजुलीको गतिमा दौडिए । नजिककी छिमेकी एकैछिन सबै जम्मा भए । छिमेकी शोभा बोली, 'के चोर्‍यो आमा ? गाउँमा कटुवालले हाँक हालेझैँ खुब जोडजोडले कराउनुभयो त ?' सबै मानिसतिर हेर्दै बूढीले भनिन्, 'धाराको चिसो पानीमा न्याएर आथे । सारै आग काठ्यको थ्यो । सुर्जेको घाम ताप्न एकछिन पसलको पछाडि के छिर्‍या छे । त्यै मैका पो छोपेछ डाकाले ।' चोर केटो पछाडि हेर्दै दौडिरहेको थियो । केटाहरू उसको पछिपछि दौडिरहेका थिए । हेर्दा यस्तो लाग्थ्यो, स्वैरकल्पनाको सिनेमाको सुटिङ भइरहेको छ । भिलेनहरू केटा हुन् । चोर केटो नायिका हो । उसमाथि चीरहरण हुँदैछ । अगाडिबाट एउटा कार तीव्र गतिमा आयो । चोर केटोले शरीर सन्तुलनमा राख्न सकेन । कारमा एक्कासि ठोक्किन पुग्यो । ड्राइभर झ्याप्प ब्रेक हान्यो ।

कारको ठक्करले चोर केटो बाटोको देब्रे साइडतिर पल्टिन गयो । किचिनबाट बच्यो । उसले पुन : जीवन पायो । ड्राइभरले साइडको सिसा अलिअलि गरेर खोल्यो । ड्राइभर भने पनि, मालिक भने पनि । ऊ मात्र थियो कारमा । उसले सिसाबाट बाहिर टाउको झिक्यो । चपाउँदै गरेका मुखको पानबाट भुइँमा प्याच्च थुक्यो । रिसाएको राँगोका झैँ राताराता आँखाले पल्टिएको केटातिर हेर्दै भन्यो, 'झन्नै सिल्टेनछ साले, राडीको छोरा । क्या त्याक भयो यार । साइतै बिगार्‍यो मुलाले ।' उसले जसरी बाहिर टाउको झिकेको थियो । सोही गतिले भित्र छिरायो । पहिलेकै गतिमा अघि बढ्यो । चार जना केटा एकछिन त उसलाई देखेर आत्तिए । के गरूँ । कसो गरूँ भयो । जब ऊ जुरुक्क उठ्यो । चारैतिर हेर्‍यो । ऊ भाग्न खोज्यो । तर सकेन । केटाहरूले चारैतिरबाट घेरिहाले । ती मध्यको सबै भन्दा ठूलो केटाले उसको हातमा समाउँदै रिसाउँदै भन्यो, 'ए खाते, सरासर त्यो अन्टीको पसलमा हिंड् । नत्र तँलाई घिसारेर भए पनि लगेरै छोड्छौं ।' उसले उनीहरूका कुरा सुनेन । हात फुत्काएर भाग्न खोज्यो । तर पछाडिबाट अर्कोले छोपिहाल्यो । उसको भाग्ने प्रयास गरी नै रह्यो । छिन घम्साघम्सी चल्यो । उमेर पनि ऊ ती केटाहरू भन्दा कान्छो थियो । उसको केही लागेन । एकछिन चार जनाले फुटबल खेलाए । ऊ थिलथिलो पर्‍यो । चार जनाको अगाडि भाग्न विफल भयो ऊ । एउटाले उसलाई मर्न लागेको बिरामीलाई झैँ पाखुरीमा समायो र अगाडि अगाडि हिंड्यो । अरू तीन जना पछि पछि आए । उसलाई बुढीको पसलमा पुर्‍याए । उमेर बाह्र वर्ष जतिको हुँदो हो । कपाल भालुको टाउको झैँ थियो । एउटा टाँकले मात्र सटको दुई वटा पल्लालाई अडाएको थियो । घाँटी र शरीरभरि सात ताल मयल थियो । च्यातिएको पाइन्टलाई डोरीले कम्मरमा बाँधेर पेटीको काम गरेको थियो । शरीरबाट चुरोट सुर्ती र मयलको अमिलो गन्ध आउँथ्यो । एकछिनमा मान्छेको भीड लाग्यो । हाम्रा देशका ठूला नेताहरूलाई घेरे झैँ चारैतिरबाट मान्छेहरूले घेरे उसलाई । मान्छेहरूको भिडमा हरायो । मान्छेहरूको बिचमा एक आपसमा के चोर्‍यो ? कति चोर्‍यो ? कसको छोरो हो ? कहाँ पढ्छ ? भन्ने विषयमा खुब हल्लीखल्ली मच्चियो । दुई जनाले उसलाई खुब पिटिरहेका थिए । सबैले रमिते बनेर हेरिरहेका थिए । एउटा झोसिएर उत्तेजित हुँदै बन्यो, 'नछोड सालेलाई । मारेर फाल्दे । अझ ठोक । नछोड ।' त्यहाँ उभिएको अर्कोले झन् ठूलो स्वरमा मान्छेको हुललाई पछाडि हटाउँदै बोल्यो, 'नहान तेरो बाउलाई । मर्छ अनि जान्छस् मामा घरमा ।' 'के के चोरेको रहेछ ? यसको आग तलासी गरौं ।' हुलमा रहेको मोटो र अग्लो अर्को मानिसले बोल्यो । सबैले हो मा हो थपे । उसले दुवै गोजीमा भएको सामानलाई बेसरी पकडिरहेको थियो । मानौं कि उसको गोजीमा करोडौं रुपैयाँ छ । कसैले उसको गोजीमा छुँदा मात्र पनि जोडले अरूको हात झट्कारेर फालिदिन्थ्यो । त्यहाँ आएका सबैले लागेको थियो । उसले चोरेको पैसाले गोजी भराएको छ । त्यसै हुलबाट एउटाले भन्यो, 'यो चोर मात्र नभएर महाचोर हो । सायद अस्ति रामलालको दराज फोडेर गहना चोर्ने पनि यही होला ।' हुलको पछाडिबाट अर्कोले भन्यो, 'के ल्वाते हौ यार तिमीहरु पनि । सबै मिलेर एउटा खाते केटोको शरीर तलास गर्न सक्दैन ? सबै पकडेर गर न ।' त्यसपछि सबै उसको गोजी चेक गर्न लागे । दुई जना बलिया मान्छेले उसको दुईवटा हात बेसरी समाए । ऊ हलचल गर्न नसक्ने भयो । अरू दुई जनाले पुलिसले निर्धो यात्रुलाई झैँ एकएक गरेर शरीर चेक गर्ने थाले । उसको केही सीप लागेन । एउटाले पेन्टको बायाँ गोजीका हात हाल्यो ।

अर्कोले दायाँ गोजीमा हात हाल्यो । दायाँ गोजीबाट पुरानो आधा काटी भएको सलाई निकाल्यो र गोजी उल्टो पारेर देखाइदियो । बायाँ अर्को गोजीबाट एक प्याकेट चुरोटको डिब्बा र एउटा प्लास्टिकको पोको निकाल्यो र सबैको अगाडि राखिदियो । एउटाले भीडबाट फेरि बोल्यो, 'यो हेर्दा मात्र सानो हो । यो चोरको पनि चोर हो । यति सानैमा यति नराम्रो कुलतमा लागिसकेको रहेछ ।' अर्कोले आदेश दिँदै बोल्यो, 'अझै राम्रोसँग चेक गर्न केही भेटिन्छ कि ?' सबैले फेरि हो मा हो थपे । चेक गर्ने मान्छेले द्वन्द्व कालमा पुलिसले सर्वसाधारणलाई चेक गरेझैँ गर्न थाल्यो । उसले शरीरको कट्टु बाहेक सबै कपडा खोले । तर केही भेटिएन । उसले धरधरी रुँदै खोलेका सबै कपडा लगायो । सबका आँखा अब त्यस पोको माथि परे । सबैको खुल्दुली छ पोको माथि । बाहिरबाट कालो पलास्टिकले राम्रोसँग बाँधिएको छ । भित्रबाट पत्रिकाले मोडिएको छ । त्यसभित्र पुरानो कापीको पानाले बेरेको छ । एउटाले पोको खोल्दै छ । सबैलाई हतार छ पोकोभित्रको चिज हेर्न । पोका माथि सबैका फरक फरक दृष्टिकोण छन् । कोही ठूलो धनराशिको अनुमान गरेका छन् । कोही बहुमूल्य चिजको अनुमान गरेका छन् । सबैको उत्सुकता छ पोको माथि । आरामसँग मान्छेले पोको खोल्यो । पोकोभित्रका चीज देखेर सबै छक्क पर्छन् । त्यस पोकोमा पैसाको नाममा न त एक रुपैयाँ छ । न थियो कुनै बहुमूल्य चिज छ । छ त केवल तीन मुठी जति गाँजाको धुलो छ । केही थान चुरोटका ठुटा छन् । एउटा सलाईको बट्टा छ । चोरेको चुरोटको प्याकेट बुढीलाई एउटा मान्छेले फिर्ता दियो । बुढी किराले खाएका थोते दाँत देखाए ङिच्च हाँसिन् । त्यसै हुलबाट कसैले बोल्यो, 'यसलाई लागुऔषध कारोबारको अभियोगमा पुलिसलाई जिम्मा लगाउनुपर्छ ।' उसको कुरा नसकिँदै अर्को बोल्छ, 'चोरीको अभियोगमा पुलिसलाई जिम्मा लगाए भै गो नि ।' सयौं मान्छेका त्यहाँ सयौं कुरा आउँछन् । अन्त्यमा चोरीको अभियोगमा पुलिसमा बुझाइदिने सहमति भयो । पुलिसमा पुर्‍याउने कुराले केटो विगतमा पुलिसले आफूमाथि दिएको यातना सम्झिन्छ । ऊ दूध खान नपाएको बालक झैँ ह्वाँ ह्वाँ गर्दै रुन्छ । उसको आँखाको आँसुले केहीको मन पग्लिन्छ । त्यत्तिकैमा मान्छेहरूको हुलको बीचबाट ठूलो शरीर भएको मान्छे ठूलो स्वरमा बोल्छ, 'के जाबो कुरा गर्नुहुन्छ तपाईहरूले पनि । यसले कसको सम्पत्ति लुटेको छ र ? जाबो एउटा सलाई र चुरोटको बट्टा चोर्नेलाई पुलिसको जिम्मा लगाउने ? यो देशमा को माइकालालले चोरको छैन ? को छैन यहाँ चोर ? नेता चोर । कर्मचारी चोर । व्यापारी चोर । डाक्टर चोर । पुलिस चोर । प्रशासन चोर । शिक्षक चोर । इन्जिनियर चोर । कसको बाउको तागत छ । ती कारबाही गर्ने ?' उसको अगाडि कोही बोल्दैन । सबै मौन छन् । उसले मान्छेको भीडबाट निकाल्दै फेरि बोल्छ, 'जा फुच्चे अबदेखि यो चुरोट सुरोट चोर्ने काम बन्द गर । ठूलो चोर्नेलाई कसले देख्दैन यहाँ । सानो चिजलाई चोरेको सबैले देख्छ । हेर भाइ । सक्छस् र आँट आउँछ भने ठूलै चिज चोर । सक्दैन भने यो सानोतिनो चोर्ने छोड । परिश्रम गर । परिश्रम माथि विश्वास राख । एकदिन पसिनाको अवश्य मूल्य पाउनेछस् ।' उसको अगाडि बोल्ने साहस कसैले गरेन । सबै रमितेहरू १२ :०० देखि ३ :०० को सिनेमा सो हेरेर हलबाट निस्किए झैँ हुलबाट आ-आफ्नो बाटो लागे । केटोलाई बचाएको मान्छेले ठूला आँखा गराएर चारैतिर हेर्छ । मलाई देखेर परैबाट नमस्कार गर्छ । म नमस्कार फर्काउँछु । ऊ मेरो नजिक आउँछ । हात मिलाउँछ । मेरो अनुहारमा हेर्दै मुसुक्क हाँस्छ । मैले पनि उसको हाँसोको जबाफ हाँसोले दिन्छु ।

उसले मेरो अनुहारमा हेरेर गम्भीर हुँदै बोल्छ, 'सर, तपाईले लेख्ने कथाको एउटा पात्रलाई मैले यो हुलबाट बल्लबल्ल बचाए । उसलाई यहाँ छोड्यो भने मार्न पनि सक्छन् । बजार जान लाग्नु भएको रहेछ । यसलाई सहिद गेटको नजिक कतै छाडिदिनुहोला ।' मैले सहमति जनाउँछु । उसले केटालाई मेरो बाइकको पछि बसालिदिन्छ । म उसलाई लिएर बजारतिर जाँदै छु । मनमा मेरा उसप्रति नाना प्रकारका कुराहरू खेलिरहेका छन् । मैले आजसम्म धेरै नेता, कलाकार, कवि, व्यापारी, विद्यालयका स्टाफ र आफ्नालाई बाइकमा बोके । मलाई कहिले पनि आजको झैँ नौलो अनुभूति र खुल्दुली भएन । खै किन हो कुन्नि ? समाजले चोर बनाएको केटोलाई बोक्दा एक प्रकारको नौलो आनन्द आइरहेको छ । ऊ सहिद गेटसम्म पनि पुगेन । ट्राफिक चोकमै झर्छु भन्छ । म बाइक रोक्छु । ऊ बाइकबाट झर्छ । ऊ केही नबोली सरासर निमारोडतिर लाग्छ । झगडा गरेर हिंडेकी प्रेमिकालाई प्रेमीले हेरेझैँ देखिंदासम्म बाइक रोकेर उसमाथि अनेकौं प्रश्नहरू बिच्छ्याएर हेरिरहन्छु ।

*-साहित्यपोष्ट डटकम*

नियात्रा — ज्ञानेन्द्र विवश

## अपूर्व हिमाली मुस्कान

**मनोरम दृश्यहरूलाई आँखामा बास दिँदै म ओरालो झरेँ । यही ठाउँमा यति सुन्दर प्रकृतिलाई हेर्न छाडेर हिँड्न मन थिएन । तर बाटो आफैँले हिड्ने हो । हेरेर बसेर मात्र बाटो छिचोलिँदैन थियो । तेङ्बोचेबाट जंगलको ओरालो झर्दै गर्दा बिसौनी मात्र होइन बस्ने, खाने होटल पनि आए । दोबुचेको तेर्सैतेर्सो बाटो हिँडिरहँदा फेरि जंगल, फेरि होटल पाइलैपिच्छे कति-कति भनेजति । जंगलका हाँगाबिगाहरूले बाटोलाई छहारी दिइरहेको । गर्मीमा यात्रीलाई शीतल पार्ने यी स-साना तर झुरूप्प अनेकौँ हाँगाहरूमा फैलिएका बोट । गुराँसको बोट होला भन्ठानेको मैले तर होइन रहेछ ।**

'नेपाली सर, हजुरले हिमाली मुस्कान देख्नुभयो त ?' भारी बिसाएर बसेका भरिया भाइले मलाई देखेर प्रश्न गरे । 'मज्जाले देखियो भाइ ! भाइले भनेको होरहेछ । आजदेखि हिमाल राम्रै देख्न पाइयो । बादलले नछोपेको हुँदा अमादब्लम त आँखै सामुन्ने देखिँदोरहेछ । सगरमाथा श्रृङ्खलालाई पनि हेर्न पाइयो ।' मैले उनलाई यत्ति भनेँर आफ्नो बाटो लागेँ । म सगरमाथा आधा शिविर पदयात्रामा थिएँ । हिँड्दै जाँदा अनेक देशका अनेकौँ यात्रीसँगको भेटर भलाकुसारीले धेरै कुरा जानकारी मिल्थ्यो । भरिया, पथ प्रदर्शक र स्थानीयसँगको बोलीचालीले अरू धेरै कुरा थाहा हुन्थ्यो । चुपचाप हिँडिरहनै नसकिने बोल्नेर बोलिरहनेहरू यात्राभरि जम्काभेट भइहाल्ने । बाटोमा हिजो केही घण्टा तिनै भरिया भाइसँग एकसाथ पाइला चालिएको थियो । मैले उनीसँग धेरै जिज्ञासा राखेको थिएँ । आज फेरि यहाँ, यो बिसौनीमा उनीसँग जम्काभेट भयो । लैसासाको ओरालो उनीसँगै बात मार्दै झरेको थिएँ । फुङ्गीताङ्गाको बगरबाट म तेङ्बोचेको उकालो लागेँ । उनी भारीसँग बिस्तारै आइरहेका थिए । उनलाई भनेको थिएँ- 'भाइ, हिमालयका ताँतीसँगै हिमाली मुस्कान त मज्जैले देख्न पाइएला नि उँभो लागे पछि है ?' 'कति हेर्नुहुन्छ, अब भोलिदेखि आँखैमा हिमालै हिमाल देख्न सक्नुहुन्छ । नफर्किउँन्ज्याल ।' उनले हिजै मलाई हाँस्दै भनेका थिए । तेङ्बोचेबाट हिमालय पर्वतका चुचुराहरू देखापर्न थालेका थिए ।

मनोरम दृश्यहरूलाई आँखामा बास दिँदै म ओरालो झरेँ । यही ठाउँमा यति सुन्दर प्रकृतिलाई हेर्न छाडेर हिँड्न मन थिएन । तर बाटो आफैँले हिड्ने हो । हेरेर बसेर मात्र बाटो छिचोलिँदैन थियो । तेङ्बोचेबाट जङ्गलको ओरालो झर्दै गर्दा बिसौनी मात्र होइन बस्ने, खाने होटल पनि आए । दोबुचेको तेर्सैतेर्सो बाटो हिँडिरहँदा फेरि जङ्गल, फेरि होटल पाइलैपिच्छे कति-कति भनेजति । जङ्गलका हाँगाबिगाहरूले बाटोलाई छहारी दिइरहेको । गर्मीमा यात्रीलाई शीतल पार्ने यी स-साना तर झुरूप्प अनेकौँ हाँगाहरूमा फैलिएका बोट । गुराँसको बोट होला भन्ठानेको मैले तर होइन रहेछ । अनि अगाडि सगरमाथाको चुचुरो टुप्पो । अर्कोतिर अमादब्लम हिमालको मुस्कान । होटल सकिएर जङ्गल आएपछि अगाडि फराकिलो सजिलो बाटो देखियो । अब ठूला रूखहरू हराउँदै गएका थिए । साना पोथ्रा त्यो पनि लेकाली पाटोमा पातला थिए । ती पोथ्रा हिमाली धुपीका भुईमै खुम्चिएका बोट थिए । हलक्क हुर्किन नसकेका, अग्लो धुपी पहिचानमा बढ्न नसकेको ती पोथ्रालाई मैले हातले सुम्सुम्याएँ । साना भए पनि भुईमै खुम्चिएका अर्कटिएका बलिया झ्याङ थिए ती । 'हिउँ परेपछि यी पोथ्राहरू हेर्न लायक हुन्छन् । हिउँका सेता डल्ला बनेर अचम्मका आकृति देखिन्छन् ।' पोथ्राप्रति मेरो गहिरो रूचि देखेर एकजना भरियाले मलाई जानकारी दिए । 'धुपी जस्तै लाग्यो मलाई । यी धुपी हुन कि सल्लाका डल्लेबोट ?' तिनैसँग मैले जिज्ञासा राखेँ । 'लेकाली धुपी हुन् यी । घँघारूका पोथ्रापाथ्री पनि छन् । कलेजी, रातो र हल्का परैँलोरङमा बोटै रङ्गाएर फुल्छन् पनि ।' उनले मेरो जिज्ञासा मेटाइदिए । दूधकोशी माथि झोलुङ्गे पुल तरेपछि मनमोहक अमादब्लमको सुन्दरताले पाइला त्यही रोकिनेरहेछ । आँखै सामु हिमाली सौन्दर्यको मुस्कान यात्राकै ठुलो खुसी थियो । प्राकृतिक परिवेश पनि कलात्मक बान्की-बनोटले शोभायमान । यो हिमाल नाम अनुसार अनौठो किसिमको देखिन्थ्यो । चट्टानका पहरामा दशकौँ अघि सेतो हिउँ टाँसिएर पहाडलाई हिमाल बनाइदिएको । हिउँको मलिलो खान्की पाएर हिमालको बान्की साह्रै आकर्षक लाग्थ्यो । हेरौँ, हेरिरहौँ लाग्ने, हेरेर नअघाइने । प्रकृति भन्नु एक प्रकारले विचित्रको संरचना हो । जहाँ स्वत : मौसमी परिवर्तनले अनेक रूप, अनेकरङ, आकृतिर विविध दृश्यहरू निर्माण गर्छ । ती देखेर हामी खुसीले रमाउँछौँ । एकातिर हिमाली चुलीको चम्चम चमत्कार । पहाडी तरेलीको एकपछि अर्को लाइन । नदीको अविच्छिन्न प्रवाह ।

झरना, खोल्सा, स्तुपा, बाटो, यात्री, भारी बोकेका चौपाया । घरका रूपमा लज, होटल, रेष्टुरेन्टहरू । मनै रमाउने शान्त, सफा, सुन्दर परिवेश । कल्पनाको स्वर्ग भनेको सायद यही हो । तर वास्तविकतामै स्वर्गको टुक्रा यहाँ अवस्थित थियो । कल्पना अथवा सपनाको कुरा थिएन यहाँ । यथार्थमा आँखामै नअट्ने प्रकृतिको साक्षात संसार थियो । पर्यटकहरू यही संसारमा घुम्न, डुल्नर मज्जा लिन आइरहन्छन् । उनीहरु यतैरमाउने । यहीँ भुलिने । यतै हराउने । यति नजिकबाट अनौठो आकृतिको अमादब्लम हिमाललाई देख्न पाएपछि यात्री खुसीले चिच्याउँदा रहेछन् । सफा मौसममा सुन्दर हिमाललाई आँखैमा भेट्न पाएपछि दिनभरिको थकाइ पनि गायब हुँदोरहेछ । सायद यो मिलिङ्गोको उकालो होला । दम्स्याइलो उकालो हिमाल हेर्दै हिँड्नुको आनन्द जिन्दगीको एक अनुपम अनुभूति थियो । केही माथि पुगेपछि बौद्ध स्तुपामा बिसाउनेहरूको भिड थियो । भिडमा अमादब्लमलाई पृष्ठभूमिमा राखेर तस्बिर खिच्नेहरूको प्रतिस्पर्धा हुँदोरहेछ । 'डकुमेन्ट्री' बनाउन आएकाहरू । 'टिकटक' मारमाउनेहरूको हुल हुज्जत त्यही उकालोमा भेटियो । यहाँबाट साँच्चै प्रकृतिको मादक दृश्यमा रमाएर कुन यात्री नरोकिइकन हिँड्न सक्ला ? अमादब्लमको रहर लाग्दो यौवन । मात लाग्दो बैंशालु रूपरङ । चित्ताकर्षक सूर्य किरणको रङ । आकाशे रङको मुख्य रङमा अनेकौँ रङका प्रक्षेपण, प्रशारण, परावर्तन र प्रणय-मिलन । आगन्तुकलाई प्रभावित पार्न सक्षम । प्रेरणा दिनर पथ प्रदर्शन गर्न सबल । अमादब्लमसँगको साक्षात्कारमा लठ्ठ परेर पाङ्बोचे पुग्दा यसरी साँझको सुनौलो रङले हिमाललाई चुमिरहेको दृश्य आँखामा पर्‍यो । लाग्यो, जाँदाजाँदै आफू अस्ताउँदै गर्दा पनि सूर्यकिरणको हिमाल प्रेम असाध्यै प्रगाढ हुँदोरहेछ । आजको दिनको अन्तिम साँझ हिमाललाई सुनले लेपन गरेर आफू स्वर्गलोकतिर प्रस्थान गरेको । अनि यस्तो सुनौलो, स्वर्णिम दृश्य प्रदर्शन गरेर यात्रीहरूलाई आनन्दित पार्न प्रकृतिले जानेको । हिमाली छटाका अपूर्व मुस्कानहरू प्रेम पनि, प्रेमिका पनि हो । प्रकृतिप्रेमी म, तिम्रो प्रेममा पागल । तिमीसम्म आइपुग्न कति रहरहरू । तिमीलाई भेटेर, आँखामा राखेर हेर्ने कति ठुलो धोको मेरो । तिम्रै सौन्दर्यमा लालायित भएर धेरै टाढाबाट आएका अरू यात्री जस्तै म पनि थाहै नपाई तिम्रो सुन्दरतामा विलीन हुन आइपुगे छु । मेरो चाहनाको क्यानभास यस्तै सुन्दर रङमा लिपिबद्ध भएको अनेकौँ कलात्मक आकृतिहरूले संरचित यौटा विराट सौन्दर्यको बिहान हेर्ने उत्कट अभिलाषा थियो । सीमाहीन चाहनाको त्यो आकाशले आज आत्माका मिलन भएछ अन्जानमै किन हो यहाँ समर्पणमा खुसी पाएछ । प्रकृतिको कस्तो सन्तुलित संरचनार संयोजन ।रङहरूको लालित्य उस्तै डाँडाकाँडाहरू अग्लोहोचो, टाढिँदै, नजिकिँदै, ओरालिँदै, उकालिँदै सुन्दर संरचनाको विम्ब ।

घामको किरणमा एउटै रङमा पनि मुख्य, सहायक, शाखा, प्रशाखाहरूको अनेकरङ-किरणहरूको विन्यास । मरिहत्ते गरेर उकाली-ओरालीको कष्ट । न भोक, न निद्राको दर्द । आखिर यही हिमकन्या, हिमपरी, हिमालयकी रानी हेर्नका लागिरहेछ । ज्यान फालेर, माया मारेर दौडिएको अर्थ । चाहेको कुरा हेर्न पाएपछि । मनको इच्छा पूरा भएपछि । मन हावासरी खुसीले उड्दोरहेछ । आँखाले हेर्न नभ्याएर छट्पटिँदा रहेछ । फदय हर्षले अवाक ! कलिलो घामको मृदु किरणमा मायाको स्पर्श मात्र पनि बेग्लै अनुभूतिको सागर हुनेरहेछ ।रातभरिको चिसोले कक्रिएको ज्यान सुनौलो घामको पारिलो प्रेम पाएर उफ्रिँदै हिमालको काखमा हराउन थाल्दोरहेछ । जिन्दगीको माया कसलाई हुँदैन ? हिउँदको यो चिसो बिहान उठेर तडकभडक को गर्न सक्छ ? न्यानोमा आफूलाई गुट्मुट्याएर राख्छ । जिन्दगीको मायाको यो एक दर्शन ! किन कि मौसम हिमपातको छ, तुषारो प्रकोपको छ । जाडो आगमनले चिस्याइरहेको छ । त्यसैले जिन्दगी तिमी आफ्नो माया आफैँ गर । आफूले आफैँलाई न्यानो राख । आफ्नो ख्याल आफैँ गर । अपूर्व हिमाली मुस्कान त उस्तैरहन्छ, जसलाई भोलि बिहानको कलिलो घाममा फेरि हेर्नु त छँदैछ ।

*-समकालीन साहित्य डटकम*

# सुनको मूल्य हालसम्मकै उच्च



**पाल्पा,** चैत १६/नेपाली सुनचाँदी बजारमा सुनको मूल्यले नयाँ रेकर्ड बनाएको छ । स्थानीय बजारमा शुक्रबार हालसम्मकै उच्च अर्थात् तोलाको १ लाख ३० हजार रुपैयाँ पुगेर नयाँ रेकर्ड बनाएको हो ।

सुनको मूल्य प्रतितोला दुई हजार एक सयले वृद्धि भई नभएको छ । लगातार उकालो लागेको सुनको मूल्य शुक्रबार झनै वृद्धि भएको हो । बिहीबार प्रतितोला एक लाख २७ हजार नौ सयमा कारोबार भएको छापावाल सुन एकाएक एक लाख ३० हजार निर्धारण गरिएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार बिहीबार प्रतितोला एक लाख २७ हजार तीन सयमा कारोबार भएको तेजाबी सुन शुक्रबार एक लाख २९ हजार चार सय निर्धारण गरिएको छ । यस्तै चाँदीको मूल्य समेत वृद्धि भएको छ । बिहीबार प्रतितोला एक हजार पाँच सय १० मा कारोबार भएको चाँदीको मूल्य शुक्रबार एक हजार पाँच सय २५ पुगेको छ । साताको तेस्रो दिन सामान्य घटेको मूल्य त्यसपछिका दिनमा क्रमश: बढेर शुक्रबार हालसम्मकै उच्च भएको हो । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार अमेरिकी डलरको मूल्यमा देखिएको मजबुतिसँगै त्यसको प्रभाव सुनको मूल्यमा देखिएको हो । अन्तर्राष्ट्रिय कमोडिटी मार्केटमा हुने माग र आपूर्तिले यसको मूल्य तय गरिरहेको हुन्छ । खासगरी विश्वका ठूला लगानीकर्ताले गर्ने लगानीका आधारमा सुनको मूल्य समेत प्रभावित बन्ने गर्छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्छ । विदेशी मुद्रा सञ्चितिका दृष्टिकोणबाट सुनको मूल्य बढ्नु आयातमा आधारित मुलुकका लागि सकारात्मक मानिँदैन ।

# बा–आमासँग नगरप्रमुख कार्यक्रम



**बुटवल,** चैत १६/बुटवल उपमहानगरपालिकाले बा-आमासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गरेको छ । उसले जेष्ठ नागरिकहरुको स्वास्थ्य हेरचाह गर्ने र उनीहरुलाई समाजमा सम्मानजनक रुपमा बाँच्न पाउने अधिकार सुनिश्चित गर्न बा-आमासँग नगरप्रमुख कार्यक्रम सञ्चालन गरेको हो ।

जेष्ठ नागरिक र फरक क्षमता भएका व्यक्तिको घरदैलोमा पुगेर स्वास्थ्य परीक्षणका लागि सञ्चालित 'बाआमासँग नगरप्रमुख नि:शुल्क स्वास्थ्य परीक्षण र उपचार' कार्यक्रम अन्तरगत शुक्रबार वडा ६ र ८ मा स्वास्थ्य परीक्षण गरिएको छ । बुटवल ६ को जेष्ठ नागरिक मिलन केन्द्रमा कार्यक्रमको शुरुवात गर्दै नगरप्रमुख खेलराज पाण्डेयले जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण र उपचार कार्यक्रम सबै वडाहरुमा सञ्चालन हुने बताए । उनले जेष्ठ नागरिकको स्वास्थ्य उपचार गर्नका लागि बुटवलले आगामी वर्ष थप कार्यक्रम सञ्चालन गर्ने बताए । कार्यक्रममा स्वास्थ्य परीक्षण मात्रै नभई बाआमालाई परेका समस्याका बारेमा समेत जानकारी लिइने र त्यसको समाधानको प्रयास गरिने बताए । नगरप्रमुख पाण्डेयले बुटवललाई स्वास्थ्य क्षेत्रमा अब्बल बनाउनेगरी योजना बनाएको र कार्यान्वयन गर्दै लग्ने बताए । चालु आर्थिक वर्षको बजेटमा बाआमासँग नगरप्रमुखका साथसाथै उपप्रमुख सुत्केरी स्वास्थ्यवर्द्धक कार्यक्रम, शिशु पोषण कार्यक्रम र जटिल रोगका बिरामीका लागि राहत दिने र उपचारमा सहयोग गर्ने कार्यक्रम नियमितरूपमा सञ्चालन भइरहेको उनले जानकारी दिए । उपमहानगरपालिकाका १९ वटै वडामा सञ्चालन हुने अभियानका क्रममा लुम्बिनी प्रादेशिक अस्पताल बुटवलका वरिष्ठ फिजिसियन डा.पाठक, स्त्रीरोग विशेषज्ञ डा.राजेन्द्र बस्याल, फिजिसियन डा.हरि पन्थी लगायत विशेषज्ञ चिकित्सक, निजी अस्पतालहरुका चिकित्सक, मेडिकल अधिकृत तथा स्वास्थ्यकर्मीले स्वास्थ्य परीक्षण गर्ने जनस्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले जानकारी दिए ।

# उखु किसानलाई प्रविधिले...

...बाउबाजेको सिको गर्दै उखुखेती गरिरहेका यहाँका किसान प्रविधिको ज्ञानको अभावमा विस्थापित हुने अवस्थामा पुगेका थिए । 'खेती लगाउन त्यति गाह्रो छैन । तर रसबाट खुदो बनाउन अत्यन्त मेहनत लाग्छ । ठूला-ठूला मुडा, काठ दाउरा जंगलबाट ल्याउन, पकाउन निक्कै गाह्रो छ', न्यौपानेले थपे, 'खुदो बनाउन श्रम बढी खर्च हुने हुँदा युवाको आकर्षण यो पेसातर्फ त्यत्ति देखिँदैन ।' 'गुल्मीको थोर्गाबाट बीउ ल्याएर बाउबाजेले यहाँ उखुखेती सुरु गर्नुभएको हो भन्ने सुन्दै आएका छौँ', उनले भने, 'एक पाथी खुदो उत्पादन गर्न नौ पाथी रस आवश्यक पर्छ । बजारको कुनै समस्या छैन । दुई सयमा एक माना घरबाटै बिक्री हुन्छ ।' न्यौपानेले दुई रोपनी जमिनमा उखु लगाएका छन् । उनले सिजन अनुसार धान मकै कोदो उत्पादन तथा बाख्रापालन गरेका छन् ।

यहाँका किसानले खुदो बिक्रीबाट वार्षिक एकदेखि पाँच लाखसम्म कमाइ गर्दै आएका छन् । भुवानन्दले पनि यसवर्ष पाँच सय माना खुदो उत्पादन गरेको सुनाए । खेतीगर्ने आधुनिक प्रविधि, खुदो पकाउने बिजुली मेसिन सरकारबाट पाए आफूहरूले सही सदुपयोग गर्ने उनको भनाइ छ । किसान रुकमागत न्यौपानेले पनि चार रोपनी जमिनमा उखु खेतीगर्दै आएका छन् । उनले खुदो बिक्रीबाट वार्षिक दुई लाख ५० हजारसम्म आम्दानी गर्ने गरेको सुनाए ।

रुकमागतले उखु खेतीलाई कहिले काहीँ कीराले सताउने गरेको गुनासो गरे । उनले पनि धान, गहुँ मकै खेतीसँगै बाख्रापालन गरेका छन् । किसान नन्दलाल न्यौपानेले उखु खेतीबाट राम्रो आम्दानी हुने बताए । 'म जान्ने हुँदादेखि हाम्रोमा उखुखेती थियो । यसैबाट घरखर्च चलेको थियो', उनले भने, 'उखुबाट किसानलाई राम्रो फाइदा हुन्छ ।' उनी बाँझो जग्गामा उखु लगाउन सबैलाई सुझाव पनि दिन्छन् । यसवर्ष करिब १५ हजार लिटर खुदो उत्पादन गर्ने लुङ्सिङवासीको लक्ष्य छ । -रासस

## खेलकुद समाचार

# 'नेपाली क्रिकेटमा नयाँ इतिहास रच्न आतुर छौं'



**काठमाडौं,** चैत १६/नेपाली क्रिकेट टोलीका प्रशिक्षक मोन्टी देसाईले विश्वकप यात्रा गर्नु सबैभन्दा खुशीको क्षण रहेको उल्लेख गर्दै नेपाली क्रिकेटमा नयाँ इतिहास रच्न आतुर रहेको बताएका छन् । आईसीसी टी-२० विश्वकपको तयारीस्वरूप भारतको राज्यस्तरका टोलीसँग टी-२० प्रतियोगिता खेल्ने जाने नेपाली क्रिकेट टोलीको बिदाइ कार्यक्रममा प्रशिक्षक देसाईले पछिल्लो वर्ष नेपालका लागि राम्रो रहेको र आउँदा वर्ष पनि राम्रो रहने विश्वास व्यक्त गरे ।

नेपालले विश्वकप अगाडि संयुक्त अरब इमिरेट्स (यूएई) मा एसीसी प्रिमियर लिग तथा भारतका बरोडा र गुजराजतको टोलीसँग एसएमएस फ्रेन्डशिप कप खेल्दैछ । त्यही प्रतियोगिता अगाडिको बिदाइ कार्यक्रममा मुख्य प्रशिक्षक देसाईले भारतमा हुने प्रतियोगिता नेपालका लागि फलदायी हुने विश्वास व्यक्त गरे । यो प्रतियोगिताका लागि क्यानले पनि धेरै मेहनत गरेको उनको भनाइ छ । देसाईले पछिल्लो वर्ष नेपालका लागि राम्रो रहेको र आउँदा वर्ष पनि राम्रो रहने विश्वास व्यक्त गरे । नेपाली क्रिकेट टोलीका कप्तान रोहितकुमार पौडलले एसीसी प्रिमियर कप महत्त्वपूर्ण रहेको बताउँदै राम्रो नतिजासहित देश फर्कने बताए । कार्यक्रममा युवा तथा खेलकुदमन्त्री विराजभक्त श्रेष्ठले खेलकुदलाई नयाँ ढङ्गबाट अगाडि बढाउन आफू लागिपरेको बताए । फ्रेन्डशिप कप यही मार्च ३१ देखि अप्रिल ७ सम्म हुनेछ । नेपालले मार्च ३१ र अप्रिल ३ मा गुजरात तथा अप्रिल २ र ५ मा बरोडासँग खेल्नेछ । लिग चरणमा एकअर्कासँग दुई खेल खेलपछि शीर्ष दुई टोली उपाधिका लागि खेल्नेछन् । टी-२० विश्वकप आउँदो जुन १ देखि अमेरिका र वेस्ट इन्डिजमा शुरु हुँदैछ । समूह 'डी' मा नेपाल, दक्षिण अफ्रिका, श्रीलङ्का, बंगलादेश र नेदरल्यान्ड्स छन् ।

## कर्पोरेट/अर्थ समाचार

# ग्लोबल बैंक र आईएफसीबिच परामर्श सेवा प्रदान गर्न समझदारी



**पाल्पा,** चैत १६/परामर्श सेवा प्रदान गर्ने गरी ग्लोबल आइएमई बैंक लिमिटेड र विश्व बैंक समूहको सदस्य अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) बिच एक समझदारी भएको छ । जोखिम व्यवस्थापन, जलवायु वित्त तथा लैंगिक वित्त क्षेत्रमा आईएफसीले परामर्श सेवा प्रदान गर्ने गरी यी दुई बिच समझदारी भएको हो ।

बैंक र आईएफसीले समझदारी पत्रमा हस्ताक्षर गरेका छन् । उक्त समझदारी पत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत रत्नराज बज्राचार्य तथा आईएफसीको तर्फबाट दक्षिण एशिया क्षेत्रीय सल्लाहकार तथा अपस्ट्रीम प्रबन्धक मेहदी चेरकाउईले हस्ताक्षर गरेका हुन् । समझदारी बमोजिम आईएफसीले ग्लोबल आइएमई बैंकको कर्जा जोखिम, सञ्चालन जोखिम, बजार जोखिम तथा सम्पत्ति तथा दायित्व व्यवस्थापन ढाँचालाई सुदृढ पार्न परामर्श दिने, बैंकको जोखिम व्यवस्थापन नीतिलाई अन्तर्राष्ट्रिय स्तरमा कायम जोखिम व्यवस्थापन अभ्यास अनुरुप परिमार्जन गर्ने लगायतका विषयहरुमा परामर्श प्रदान गर्नेछ । आईएफसीले जलवायु वित्त क्षमता निर्माणको लागि आधारभूत जलवायु साक्षरता तथा लक्षित क्षमता निर्माण कार्यक्रमहरुमा दक्षता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्नेछ । साथै आईएफसीले ग्लोबल आइएमई बैंकलाई स्वच्छ यातायात, जलवायु-स्मार्ट कृषि र सौर्य परियोजनाहरु लगायत अन्य विभिन्न क्षेत्रको जलवायु वित्तमा पहुँच बढाएर नेपालमा जलवायु परिवर्तनको प्रभाव न्यूनीकरणका प्रयासमा पनि विशेष परामर्श दिनेछ । ग्लोबल आइएमई बैंक मुलुकका ७७ जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ७९ एटिएम, २ सय ७७ शाखा रहित बैंकिङ्ग सेवा, ६७ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार १ सय भन्दा बढि सेवा केन्द्र रहेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई